**Chris Minns**
Premier of New South Wales

**Sophie Cotsis**
Minister for Industrial Relations
Minister for Work Health and Safety

**Steve Kamper**
Minister for Lands and Property
Minister for Multiculturalism
Minister for Sport
Minister for Jobs and Tourism

# Media Release

## एनएसडब्लूको पहिलो आप्रवासी कामदार केन्द्र (Migrant Workers Centre) सञ्चालनमा आउँदै

बिहीबार, २१ मे २०२६

Minns को लेबर (Labor) सरकारले आज यस राज्यको पहिलो समर्पित Migrant Workers Centre सुरु गरेको छ, जसले यस्तो केन्द्र स्थापना गर्ने हाम्रो प्रतिबद्धतालाई पूरा गर्दछ। यस केन्द्रले यो राज्यका सबै कामदारहरूलाई, उनीहरू जहाँबाट आएका भए पनि, संरक्षण गर्न सहयोग गर्नेछ।

आप्रवासी कामदारहरू लामो समयदेखि न्यून पारिश्रमिक, असुरक्षित कार्य अवस्थाहरू र प्रत्यक्ष शोषणको जोखिममा रहेका छन्, जसले राज्यभरिका कामदारहरूको अधिकार र सुरक्षालाई कमजोर बनाउँदै आएको छ।

यो Migrant Workers Centre ले प्रत्येक वर्ष करिब २,००० जोखिममा रहेका कामदारहरूलाई सांस्कृतिक रूपमा संवेदनशील तथा समुदायसँग जोडिएको सहयोग मार्फत सहायता गर्ने अपेक्षा गरिएको छ। यी सेवाहरू उपलब्ध गराउन Minns सरकारले चार वर्षमा $६.५ मिलियन लगानी गर्ने प्रतिबद्धता जनाएको छ।

यूनियन्स एनएसडब्लू (Unions NSW) ले पहिले नै के सम्भव छ भन्ने प्रमाणित गरिसेको छ। उनीहरूले आप्रवासी सुझाव तथा अधिकार केन्द्र; आईएआरसी (Immigration Advice and Rights Centre; IARC) सँगको भिसा असिस्ट (Visa Assist) साझेदारी मार्फत ३,००० भन्दा बढी अस्थायी आप्रवासी कामदारहरूलाई सहयोग गरिसकेका छन्। यो कार्यक्रम  एनएसडब्लूमा एउटै छाना मुनि दुवै रोजगारी तथा आप्रवासन सम्बन्धी कानूनी सल्लाह प्रदान गर्ने एक मात्र कार्यक्रम हो।

सङ्घीय सरकार, राज्य सरकार तथा मेक्केल इंस्टिट्यूट (McKell Institute) जस्ता अनुसन्धान संस्थाहरूका विभिन्न प्रतिवेदनहरूले सीमित अङ्ग्रेजी ज्ञान, अस्ट्रेलियाको श्रम कानूनबारे अपर्याप्त बुझाइ तथा सहयोगमा पहुँचको कमीलाई शोषणका प्रमुख जोखिम कारकहरूका रूपमा औँल्याएका छन्।

सिड्नी सिबीडी (CBD) मा कार्यालय तथा राज्यव्यापी पहुँच कार्यक्रम मार्फत, यो केन्द्रले सहर, क्षेत्रीय, ग्रामीण र दुर्गम समुदायहरूमा रहेका आप्रवासी कामदारहरूसम्म पुग्ने लक्ष्य राखेको छ किनभने  प्रत्येक कामदारले संरक्षण पाउनुपर्छ, उनीहरू जहाँ बसेका वा जहाँबाट आएका भए पनि, भन्ने लेबर सरकारको विश्वास छ।

यो Minns को लेबर सरकारद्वारा कामदारहरूका अधिकारहरूलाई सुदृढ बनाउन पहिले नै गरिएको कार्यको निरन्तरता हो, जसमा निम्न कार्यहरू समावेश छन्:

- औद्योगिक लापरबाहीजन्य मृत्यु (industrial manslaughter) लाई अपराध घोषणा

• निर्मित ढुङ्गा (manufactured stone) मा प्रतिबन्ध लगाउने, सिलिका कामदार दर्ता सुरु गर्ने तथा सुरुङ निर्माणमा सिलिका परीक्षण गर्ने कामदारहरूको अधिकारलाई विस्तार गर्ने

• पहिलो पटक धम्की तथा यौन उत्पीडन (Bullying and Sexual Harassment) सम्बन्धी निर्णयाधिकार स्थापना गर्दै औद्योगिक सम्बन्धहरूको आयोग (Industrial Relations Commission) लाई कार्यान्वयन योग्य आदेशहरू जारी गर्ने र क्षतिपूर्तिहरू दिने अधिकार प्रदान गर्ने

• सेफवर्क (SafeWork) लाई स्वतन्त्र नियामकका रूपमा स्थापना गर्दै निरीक्षकहरूको सङ्ख्या बढाउने

• सेफवर्क (SafeWork) का आदेशहरू पालना नगर्दा लाग्ने जरिवानाहरू वृद्धि गर्ने

NSW Migrant Workers Centre सम्बन्धी थप जानकारीका लागि कृपया यहाँ हेर्नुहोस्:

https://www.migrantworkers.org.au/atp_nsw

**न्यू साउथ वेल्सका प्रिमियर Chris Minns ले भन्नुभयो:**

"एनएसडब्लूका प्रत्येक कामदार काममा सुरक्षित रहन, उचित पारिश्रमिक पाउन र निष्पक्ष व्यवहार पाउन हकदार छन्, उनीहरूको पृष्ठभूमि जे भए पनि।

यो नयाँ केन्द्रले कामदारहरूलाई आफ्ना अधिकारहरू बुझ्न, समस्या पर्दा सहयोग प्राप्त गर्न तथा कमजोर कामदारहरूलाई शोषण गर्ने उद्योगहरूमा यस्तो अन्याय अन्त्य गर्न मद्दत गर्नेछ।

जब कामदारहरू शोषित हुन्छन्, यसले सबैको कार्य अवस्थाहरू कमजोर बनाउँछ। त्यसैले यो पहलले एनएसडब्लू भरि मापदण्डहरू, निष्पक्षता, र वैधानिक कार्यस्थल सुनिश्चित गर्ने लक्ष्य राखेको छ।"

**कार्य स्वास्थ्य तथा सुरक्षा मन्त्री Sophie Cotsis ले भन्नुभयो:**

"सबै कामदारहरू सम्मानजनक व्यवहार गरिन, उचित पारिश्रमिक प्राप्त गर्न र दिनको कामपछि सुरक्षित रूपमा घर फर्किन योग्य छन् ।

हामीलाई थाहा छ कि केही उद्योगहरूमा आप्रवासी कामदारहरूलाई शोषण गरिँदै आएको छ र यो नयाँ केन्द्रले कामदारहरूलाई आफ्ना कार्यस्थलका अधिकारहरूबारे थाहा पाउन र उनीहरूलाई अन्याय भएको महसुस भएमा आवश्यक सहयोग प्राप्त गर्न मद्दत गर्नेछ।

हामी कामदारहरू र युनियनहरूका आवाज सुनिरहेका छौँ, र एनएसडब्लू सरकारले SafeWork NSW का लागि चार वर्षमा $१२७.७ मिलियन प्रतिबद्धता गरेको छ, जसमा थप २० जना मनोसामाजिक (psychosocial) निरीक्षकहरू सहित निरीक्षकहरूको सबैभन्दा ठूलो विस्तार समावेश छन्।"

**बहुसांस्कृतिकताका मन्त्री Steve Kamper ले भन्नुभयो:**

"परिश्रमी आप्रवासीहरूले हाम्रो राज्यलाई आजको अवस्थामा ल्याउन महत्त्वपूर्ण योगदान गरेका छन्। त्यसैले Minns को लेबर सरकारले एनएसडब्लूको पहिलो आप्रवासी वर्कर्स सेन्टर स्थापना गरिरहेको छ। न्याय यदि सबैका लागि लागू हुँदैन भने, त्यसलाई वास्तविक अर्थमा न्याय भन्न सकिँदैन।

यथार्थ यो हो कि केही आप्रवासी कामदारहरू कामदारहरूलाई कम पारिश्रमिक दिइएको छ, असुरक्षित अवस्थाहरूमा काम गर्न बाध्य पारिएको छ, वा प्रवेशाज्ञा गुम्ने डरले उनीहरूलाई गुनासो गर्न नसकिने महसुस गराइएको छ ।

"आज हामी हरेक आप्रवासी कामदारहरूले आफ्ना अधिकारहरूबारे जानकारी र शोषणको सामना गरिरहेको खण्डमा आत्मविश्वासका साथ आवाज उठाउन सहयोग पाउने कुरा सुनिश्चित गर्दैछौँ ।"

**यूनियन्स एनएसडब्लू (Unions NSW) का सचिव Mark Morey ले भन्नुभयो:**

"यूनियन्स एनएसडब्लू (Unions NSW) ले लामो समयदेखि आप्रवासी कामदारहरूको पक्षमा वकालत गर्दै र उनीहरूलाई सहयोग गर्दै आएको छ।

"NSW Migrant Workers Centre को स्थापना आप्रवासी कामदारहरू माथि भइरहेको प्रणालीगत शोषण अन्त्य गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो।

"न्यू साउथ वेल्स र अस्ट्रेलियाका सबै कामदारहरूले, उनीहरू जहाँबाट आएका वा जुन प्रकारको प्रवेशाज्ञामा भए पनि, सुरक्षित र निष्पक्ष कार्य अवस्थाको अधिकार राख्छन्।"

**मिडिया:**

**Zack Solomon | Premier | 0414 638 904**
**Melissa van der Haak | Minister Cotsis | 0482 771 351**
**Elaine Kintis | Minister Kamper | 0419 184 392**